चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल
२०७३

मिति :- २०८२/०३/०५ गते
समय :- बिहान ठीक ११:०० बजेदेखि
स्थान :- चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय

चौरजहारी नगरपालिका, नगर कार्यपालिकाको ४९ औं बैठक नगर प्रमुख श्री पुष्प वादीज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

## उपस्थिति

| क्र.सं. | नाम, थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | पुष्प बादी | नगर प्रमुख | |
| २ | इश्वरी कुमारी शर्मा (बि.एम.) | उप प्रमुख | |
| ३ | इन्द्रे गिरी | वडा अध्यक्ष - वडा नं. १ | |
| ४ | विरबहादुर राना | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | लालबहादुर बुढा | वडा अध्यक्ष - वडा नं. ३ | |
| ६ | गोपालबहादुर भण्डारी | वडा अध्यक्ष - वडा नं. ४ | |
| ७ | खुमबहादुर खड्का | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | जयप्रकाश बोहरा | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | भिमप्रसाद जैसी | वडा अध्यक्ष - वडा नं. ७ | |
| १० | शशिराम वि.क. | वडा अध्यक्ष - वडा नं. ८ | |
| ११ | नरबहादुर मल्ल | वडा अध्यक्ष - वडा नं. ९ | |
| १२ | विरेन्द्र रोकाय | वडा अध्यक्ष - वडा नं. १० | |
| १३ | तुल्से वली | वडा अध्यक्ष - वडा नं. ११ | |
| १४ | टिकाराम ओली | वडा अध्यक्ष - वडा नं. १२ | |
| १५ | श्रीकृष्ण शर्मा | वडा अध्यक्ष - वडा नं. १३ | |
| १६ | थलबहादुर कवर | वडा अध्यक्ष - वडा नं. १४ | |
| १७ | उमादेवी सुनार | कार्यपालिका सदस्य | |
| १८ | पुतला पुन (मल्ल) | कार्यपालिका सदस्य | |
| १९ | भिमा थापा | कार्यपालिका सदस्य | |
| २० | मिना के.सी. | कार्यपालिका सदस्य | |
| २१ | लक्ष्मी सुनार | कार्यपालिका सदस्य | |
| २२ | तुलाराम सुनार | कार्यपालिका सदस्य | |
| २३ | विमला नेपाली | कार्यपालिका सदस्य | |
| २४ | देवेन्द्र कुमार सुनार | कार्यपालिका सदस्य | |
| २५ | शेरप्रसाद ढकाल | सचिव | |

अन्य
१. देव बहादुर बटाला - प्रशासन सहायक

**मिति २०८२/०३/०५ गतेको नगर कार्यपालिकाको ४९ औं बैठकमा पेस भएका प्रस्तावहरू**

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्ताव। | यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने। | |
| २ | योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्ताव। | चौरजहारी नगरपालिकामार्फत् बजेट विनियोजन भइ कार्यान्वनयमा भइरहेका योजना तथा कार्यक्रमहरूको अवस्था बारे नगर उपप्रमुखले गरेको अनुगमन तथा सुपरीवेक्षणको मासिक प्रतिवेदन पेस गर्ने। | |
| ३ | नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमको मस्यौदालाई स्वीकृत गरी २०८२ असार ०७ गतेदेखि बोलाइएको नगरसभामा पेस गर्ने। | |
| ४ | बजेट तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमको मस्यौदा स्वीकृत नगर उपप्रमुख ईश्वरीकुमारी शर्मा बि.एम्. ले आगामी सभामा बजेट पेस गर्ने । | |
| ५ | विनियोजन विधेयक, २०८२ स्वीकृत गरी नगरसभामा पेस गर्नेसम्बन्धी प्रस्ताव | यस चौरजहारी नगरपालिकाको विनियोजन विधेयक, २०८१ स्वीकृत गरी आगामी नगरसभामा पेस गर्ने। | |
| ६ | आर्थिक विधेयक, २०८२ स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको आर्थिक विधेयक, २०८२ स्वीकृत गरी नगरसभामा पेस गर्ने। | |
| ७ | मध्यकालीन खर्च संरचना स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ को मध्यकालीन खर्च संरचना स्वीकृत गरी आगामी नगरसभामा पेस गर्ने। | |
| ८ | प्रगति र आयव्यय नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | २०८१ साउन १ गतेदेखि हालसम्म हासिल गरेको प्रगति र आयव्ययमा छलफल गरी आगामी नगरसभामा अनुमोदनका लागि पेस गर्ने। | |
| ९ | बजेट संशोधन अनुमोदनका लागि सभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चालु आर्थिक वर्ष २०८१/०८२ का केही खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकहरूमा बजेट संशोधनहरूका लागि आगामी नगरसभामा पेस गर्ने। | |
| १० | लेखापरीक्षण प्रतिवेदन नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | आर्थिक कारोबारको अन्तिम लेखापरीक्षणको प्रतिवेदन र उक्त प्रतिवेदनमा औल्याइएका सुझावहरूमा छलफल गरी कार्यान्वयन गर्न नगरसभामा पेस गर्ने। | |
| ११ | लेखा समितिको प्रतिवेदन नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | नगरपालिको लेखा समितिले तयार गरेको प्रतिवेदनमा दफावार छलफल गरी उक्त प्रतिवेदन नगरसभामा छलफल र पारित गर्न आगामी नगरसभामा पेस गर्ने। | |
| १२ | नियुक्ति र पदस्थापना गर्ने सम्बन्धी | यस नगरपालिकाको स्थानीय इन्जिनियरिङ सेवा, | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

| क्र.स. | प्रस्ताव | निर्णयको सङ्क्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| | प्रस्ताव | सिभिल समूह, अधिकृत सातौं तह, इन्जिनियर पदमा सन्देश गिरीलाई नियुक्ति तथा पदस्थापना गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने। | |
| १३ | स्थानीय विपद् व्यवस्थापन विधेयक नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | विपद् व्यवस्थापन सम्बन्धी विधेयक २०८२ मा छलफल गरी आगामी नगरसभामा पेस गर्ने। | |
| १४ | वाङमय कला परिषद विधेयक सभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको वाङ्मय कला परिषद् विधेयक, २०८२' मा छलफल गरी आगामी नगरसभामा पेस गर्ने। | |
| १५ | खेलकुद विकास विधेयक सभामा पेस गर्ने सम्बन्धी प्रस्ताव | चौरजहारी नगरपालिकाको खेलकुद विकास विधेयक, २०८२ छलफल र पारित गर्न नगरसभामा पेस गर्ने। | |
| १६ | विविध समसामयिक प्रस्तावमा छलफल गर्ने सम्बन्धी प्रस्ताव | १. २०८२ वैशाख २४ गते नगर बसमा यात्रा गर्ने क्रममा बसबाट खसेर टाउकोमा चोट लागेकोले यात्रुको उपचार वापतको खर्च भुक्तानी गर्ने।<br>२. नगरपालिका सङ्घलाई सदस्यता वापतको रकम भुक्तानी गर्ने।<br>३. नवकल्पना सामुदायिक वन उपभोक्ता समूहको अधुरो भवन निर्माणका लागि पुराना काठहरू उपलब्ध गराउने।<br>४. चौरजहारी नगरपालिका-३ का विपन्न एकल पुरुषको अस्थायी आवास निर्माण गर्न आर्थिक सहायता प्रदान गर्ने।<br>५. चौरजहारी नगरपालिकाको बजार क्षेत्रमा रहेका ढल निकास सरसफाइ गर्दा सरसफाइ कार्यमा संलग्न २० जना व्यक्तिहरूले चौरजहारी नगरपालिका-२ मा रहेको शुभकामना होटल एण्ड लजमा खाना खाएको रकम भुक्तानी गर्ने। | |

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

चौरजहारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौरजहारी, रुकुम (पश्चिम भाग)
कर्णाली प्रदेश, नेपाल

## मिति २०८२/०३/०५ गतेको ४९ औं नगर कार्यपालिकाको बैठकले गरेका निर्णयहरू

**निर्णय नं. १** : प्रस्ताव नं. १ **'यसअघि भएका निर्णयहरूको कार्यान्वयनको अवस्था समीक्षा गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका, नगर कार्यपालिका बैठकबाट यसअघि भएका निर्णयहरूको कार्यान्वनयन अवस्थाको सम्बन्धमा समीक्षा गरियो । साथै यस अघिका कार्यान्वयन हुन बाँकी निर्णयहरूलाई तत्काल कार्यान्वयन गर्न सम्बन्धित शाखा, वडा कार्यालय निकायलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २** : प्रस्ताव नं. २ **'योजना तथा कार्यक्रमहरूको अनुगमन सुपरीवेक्षणको मासिक प्रतिवेदन सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाबाट विनियोजन भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनको अवस्था बारे नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ले पेस गर्नु भएको योजना अनुगमन तथा सुपरीवेक्षण प्रतिवेदन उपर छलफल गरी सुझाव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** : प्रस्ताव नं. ३ को **'नीति तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ मा चौरजहारी नगरपालिकाको नीति तथा कार्यक्रमलाई चौरजहारी नगरपालिकाको सापेक्षतामा स्तरीय, जनमुखी र परिणामुखी बनाउन सरोकारवालाहरूको समेत सहभागीमा प्राप्त सुझावहरूसमेत समावेश गरी तयार गरिएको नीति तथा कार्यक्रमको मस्यौदालाई स्वीकृत गरी २०८२ असार ०७ गतेदेखि बोलाइएको नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४** : प्रस्ताव नं. ४ **'बजेट तथा कार्यक्रम स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रमसँग अन्तरसम्बन्धित हुने गरी चौरजहारी नगरपालिका क्षेत्रभित्रको समग्र आवश्यकता र जनअपेक्षा बढीभन्दा बढी सम्बोधन गर्ने गरी सरोकारवालका प्राप्त सुझावसमेतलाई समेटी तयार गरिएको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रमको मस्यौदा स्वीकृत गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम नगर उपप्रमुख ईश्वरीकुमारी शर्मा बि.एम्. ले आगामी सभामा बजेट पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** : प्रस्ताव नं. ५ **'विनियोजन विधेयक, २०८२ स्वीकृत गरी नगरसभामा पेस गर्नेसम्बन्धी प्रस्तावमा'** छलफल गर्दा आर्थिक वर्ष २०८२/०८३ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र विनियोजन गर्न यस चौरजहारी नगरपालिकाको विनियोजन विधेयक, २०८१ स्वीकृत गरी आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६** : प्रस्ताव नं. ६ **'आर्थिक विधेयक, २०८२ स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वनयको लागि स्थनीइ कर तथा शुलक सङ्कलन गर्ने, छुट दिने र आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्ने उद्देश्यले तयार गरिएको चौरजहारी नगरपालिकाको आर्थिक विधेयक, २०८२ स्वीकृत गरी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**निर्णय नं. ७** : प्रस्ताव नं. ७ **'मध्यकालीन खर्च संरचना स्वीकृत गरी नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा सार्वजनिक खर्च प्रणाली वित्त अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्त्व, विकास योजनाहरूको प्राथमिकताको क्षेत्रमा लगानी सुनिश्चता, स्रोत साधनको विनियोजन प्रक्रियाको पुर्नसंरचना र प्राथमिकता निर्धारण, सार्वजनिक खर्चलाई प्रभावकारी र कुशल बनाउनका लागि तयार गरिएको यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८२/०८३ देखि २०८४/०८५ को मध्यकालीन खर्च संरचना स्वीकृत गरी आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८** : प्रस्ताव नं. ८ **'प्रगति र आयव्यय नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाले आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेटको परिधीमा रही सञ्चालन गरेका कार्यक्रमको आधारमा २०८१ साउन १ गतेदेखि हालसम्म हासिल गरेको प्रगति र आयव्ययमा छलफल गरी आगामी नगरसभामा अनुमोदनका लागि पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९** : प्रस्ताव नं. ९ **'बजेट संशोधन अनुमोदनका लागि सभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ का केही खर्च नहुने शीर्षकबाट खर्च हुने शीर्षकहरूमा बजेट संशोधनहरूका लागि आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०** : प्रस्ताव नं. १० **'लेखापरीक्षण प्रतिवेदन नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ मा महालेखा परीक्षकको कार्यालयबाट भएको आर्थिक कारोबारको अन्तिम लेखापरीक्षणको प्रतिवेदन र उक्त प्रतिवेदनमा औंल्याइएका सुझावहरूमा छलफल गरी कार्यान्वयन गर्न नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**: प्रस्ताव नं. ११ **'लेखा समितिको प्रतिवेदन नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिको विभिन्न आर्थिक वर्षहरूमा महालेखा परीक्षकको कार्यालयबाट भएको लेखापरीक्षणका क्रममा औंल्याइ तोकिएको बेरुजु सम्परीक्षणका लागि यस चौरजहारी नगरपालिको लेखा समितिले तयार गरेको प्रतिवेदनमा दफावार छलफल गरी उक्त प्रतिवेदन नगरसभामा छलफल र पारित गर्न आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२ :** प्रस्ताव नं. १२ **'नियुक्ति र पदस्थापना गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय कर्णाली प्रदेशको पत्र सङ्ख्या ३ /१/२०८१/०८२ (प्रशासन) चलानी नं. ३४३६ मिति २०८२ जेठ २७ गतेको पत्रानुसार प्रदेश लोकसेवा आयोग, कर्णालीको २०८२/०२/२५ गतेको सिफारिस गरिएको पत्रबमोजिम विज्ञापन नं. ५१३/२०८१-०८२ (खुला), स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, अधिकृत सातौं तह, इन्जिनियर पदमा सिफारिस हुनु भएका श्री सन्देश गिरी (झिम्रुक-६, प्युठान) लाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५ बमोजिम यस नगरपालिकाको स्थानीय इन्जिनियरिङ सेवा, सिभिल समूह, अधिकृत सातौं तह, इन्जिनियर पदमा नियुक्ति तथा पदस्थापना गरी स्थानीय राजपत्रमा प्रकाशन गर्ने निर्णय गरियो ।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**निर्णय नं. १३** : प्रस्ताव नं. १३ **'स्थानीय विपद् व्यवस्थापन विधेयक नगरसभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको विधायन समितिले तयार गरेको विपद् व्यवस्थापन सम्बन्धी विधेयक २०८२ मा छलफल गरी आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. १४** : प्रस्ताव नं. १४ **'वाङमय कला परिषद विधेयक, २०८२ सभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा भाषा, कला, संस्कृतिको संरक्षण तथा संवर्धनका लागि विधायन समितिले तयार गरेको 'चौरजहारी नगरपालिकाको वाङ्मय कला परिषद् विधेयक, २०८२' मा छलफल गरी आगामी नगरसभामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. १५** : प्रस्ताव नं. १५ **'खेलकुद विकास विधेयक, २०८२ सभामा पेस गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिका क्षेत्रभित्रको खेलकुद विकासका लागि विधायन समितिले तयार गरेको चौरजहारी नगरपालिकाको खेलकुद विकास विधेयक, २०८२ छलफल र पारित गर्न नगरसभामा पेस गर्ने निर्णय गरियो।

**निर्णय नं. १६** : प्रस्ताव नं. १६ **'विविध समसामयिक प्रस्तावमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका-१० रुकुम (पश्चिम) बस्ने धर्मबहादुर ओलीको छोरा अनुभव ओली मिति २०८२ वैशाख २४ गते नगर बसमा यात्रा गर्ने क्रममा बसबाट खसेर टाउकोमा चोट लागेकोले निजको उपचार गर्न लागेको खर्च रु. १३ हजार ९८४ रकम भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. १७** : प्रस्ताव नं. १६ **'विविध समसामयिक प्रस्तावमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा नेपाल नगरपालिका सङ्घ पत्र सङ्ख्या ३५-२०८१/०८२ मिति २०८१/०५/२१ गतेको पत्रानुसार यस चौरजहारी नगरपालिकाको सदस्यता शुल्क वापतको रु. २५ हजार रकम उक्त नेपाल नगरपालिका सङ्घको खातामा भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं. १८** : प्रस्ताव नं. १६ **'विविध समसामयिक प्रस्तावमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा नवकल्पना सामुदायिक वन उपभोक्ता समूह चौरजहारी नगरपालिका-४ मनकोट रुकुम (पश्चिम) को मिति २०८२ असार ४ गतेको पत्रानुसार उक्त सामुदायिक वन उपभोक्ता समूहको भवन निर्माणाधीन अवस्थामा रही आर्थिक समस्याका कारण अलपत्र परेकोले भवन निर्माण कार्य सम्पन्न गर्न यस नगर कार्यपालिकाको कार्यालयमा रहेका पुराना काठहरू प्राविधिक मूल्याङ्कनका आधारमा आवश्यक काठ उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. १९** : प्रस्ताव नं. १६ **'विविध समसामयिक प्रस्तावमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा चौरजहारी नगरपालिका वडा नं. ३ रुकुम (पश्चिम) बस्ने कुत्ता वादी अति विपन्न एकल पुरुष भइ बसोबासको लागि आफ्नो घर पनि नभएकोले वडा कार्यालयको पहलमा अस्थायी आवास निर्माण गरी बस्ने व्यवस्था गरेकोले टहरा निर्माण गर्दा लागेको खर्च वापतको रकम रु. १५ हजार ८५० आर्थिक सहयोग गर्ने निर्णय गरियो।

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख

**निर्णय नं. २०** : प्रस्ताव नं. १६ **'विविध समसामयिक प्रस्तावमा छलफल गर्ने सम्बन्धी प्रस्तावमा'** छलफल गर्दा यस चौरजहारी नगरपालिकाको बजार क्षेत्रमा रहेका ढल निकास सरसफाइ गर्दा सरसफाइ कार्यमा संलग्न २० जना व्यक्तिहरूले चौरजहारी नगरपालिका-२ मा रहेको शुभकामना होटल एण्ड लजमा खाना खाएको रु. ५ हजार १२५ रुपैयाँ भुक्तानी गर्ने निर्णय गरियो ।

**बैठक सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।**

शेरप्रसाद ढकाल
नि. प्रमुख प्रशासकीय अधिकृत

पुष्प वादी
नगर प्रमुख